आज मिति २०७७ साल असोज ४ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा आ.व. २०७७/०७८ को तेश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गुणेन्द्र घर्ती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री बाग्मती क्षेत्रीनी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री केशवलाल कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री नमराज थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री अर्जुन सुवेदी | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री मानसिं पुन | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री पुर्ण बहादुर पुन | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री सुना परियार | कार्यपालिका सदस्य वडा नं. ५ | |
| ११ | श्री आशा सुनार | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १२ | श्री सुनिता रोकामगर | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १३ | श्री मन्सरी वि.क. | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री चन्द्र मरमथानी | कार्यपालिका सदस्य वडा नं. २ | |
| १६ | श्री केशवराज पार्धे | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री गिर बहादुर विष्ट | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | नुमाकान्त कालाथोकी | प्रशासन अधिकृत (छैठौं) | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | केशर बहादुर विष्ट | नायब सुब्बा (पाचौं) | |
| ४ | दुर्योधन महरा | सहायक चौथो | |
| ५ | मन बहादुर घर्ती | कार्यालय सहयोगी | |

## तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) गिट्टी वालुवा करको ठेक्का वन्दोवस्त सम्बन्धमा ।
२) कवाडी सामान ठेक्का वन्दोवस्त सम्बन्धमा ।
३) सुरक्षित आवास कार्यक्रम सञ्चालन सम्बन्धमा ।
४) विद्यालय भवन तथा शौचालय निर्माणका लागि विद्यालय छनौट सम्वन्धमा ।
५) विद्यालय सञ्चालन सम्बन्धमा ।
६) वडा नं. ३ र ५ को आधारभूत स्वास्थ्य स्थापना तथा सञ्चालन सम्बन्धमा ।
७) निर्देशिका तथा कार्यविधि स्वीकृत सम्वन्धमा ।
८) अमिनको सेवा सुविधा सम्बन्धमा ।
९) लिस्ने प्रावि-८, भवन निर्माण सम्बन्धमा ।
१०) प्रधानमन्त्री रोजगार कार्यक्रम सूचिकृत सम्वन्धमा ।
११) विविध छलफल सम्बन्धमा ।

### २०७७ असोज ४ गते बसेको तेश्रो कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | गिट्टी वालुवा करको ठेक्का वन्दोवस्त सम्बन्धमा । | आ.व. २०७७/०७८ को लागि यस गाउँपालिका क्षेत्र भित्र रहेको प्राकृतिक श्रोत साधन, नदीजन्य पदार्थ (ढुंगा गिट्टि, वालुवा)को ठेक्का बन्दोवस्त गर्नुपर्ने । | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रतिवेदनमा यस गाउँपालिका क्षेत्रभित्र पर्ने ६ वटा नदी तथा खोलाबाट अनुमानित ३३,४६,९०६।-. राजस्व उठ्न सक्ने उल्लेख भइ प्रतिवेदन समेत प्राप्त भएकोमा गाउँपालिका भित्रको खोला नदीको अवस्था हेरी अनुमानित रु १०,००,०००।- (दश लाख) उठ्न सक्ने अनुमान गरी उल्लेखित रकममा नघट्ने गरी ठेक्का बन्दोवस्तीको सूचना प्रकाशन गरी प्रकृया अगाडि बढाउने । साथै अघिल्लो आ.व.मा असुली भएको रकम र प्रगति सम्बन्धमा एकीन गरी सोको हिसाव किताव आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| २ | कवाडी सामान ठेक्का वन्दोवस्त सम्बन्धमा । | गाउँपालिका भित्रबाट निस्कासन हुने कवाडि सामानहरुको ठेक्का बन्दोवस्त गर्नुपर्ने । | यस गाउँपालिका भित्र उत्पादन भई निस्कासन हुने कवाडी सामानहरु (खाली बोरा, टिन, सिसि, बोतल, फलाम, गत्ता, कार्टुन/पेक) र अन्य कवाडि जन्य वस्तुहरु पुन प्रसोधन हुन सक्ने पलाष्टिक समेतको निकासि गरि लिनको लागि इच्छुक व्यक्ति फर्महरुले न्यूनतम रु १,५०,०००।- (एक लाख पचास हजार मात्र) मा बढिबढाउ शिलवन्दि दरभाउ पत्रको सूचना तत्काले प्रकाशन गर्ने । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ३ | सुरक्षित आवास कार्यक्रम सञ्चालन सम्बन्धमा । | सुरक्षित नागरिक आवास कार्यक्रमका सञ्चालनका लागि वडा र वस्ती छनौट गर्नुपर्ने आवश्यक देखिएको । | चालु आ.व.मा सञ्चालन हुने सुरक्षित नागरिक आवास कार्यक्रमका खर र फुसका छाना भएका घर प्रतिस्थापन गर्ने गरि यस गाउँपालिकामा २ सय १७ घरधुरीका लागि बजेट विनियोजन भैं आएको हुँदा ८ वटै वडा मध्ये प्रत्येक वडा २७ घरधुरीका दरले र वडा नं. २ लाई २८ घरधुरीका दरले छनौट गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ४ | विद्यालय भवन तथा शौचालय निर्माणका लागि विद्यालय छनौट सम्बन्धमा । | सर्शत अनुदान शिक्षा तर्फ प्राप्त भएको विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानका लागि विद्यालय छनौट गर्नुपर्ने । | सर्शत अनुदान शिक्षा तर्फ प्राप्त भएको विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानका लागि प्राप्त भएको रु १ करोड १६ लाख रुपैयाबाट WASH सुविधा भएको शौचालय निर्माणका लागि रु ७ लाख वडा नं. १ को देविभक्त आधारभूत विद्यालय थुम्पाकी र प्रति विद्यालय रु ३६ लाखका दरले विद्यालय भवन निर्माण (फर्निचर सहित) निर्माणका लागि वडा नं. ४ को सुर्योदय माध्यामिक विद्यालय सुलिचौर, वडा नं. ५ को वालवोध आधारभूत विद्यालय, काभ्रा र वडा नं. ८ को नेपाल राष्ट्रिय माध्यामिक विद्यालयहरुलाई छनौट गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ५ | विद्यालय सञ्चालन सम्बन्धमा । | कोभिड-१९ का कारण अवरुद्ध भएको पठनपाठनलाई निरन्तरता दिन आवश्यक देखिएको । | मिति २०७७ भाद्र १९ गते मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ कार्यान्वयनका लागि सुरक्षाको मापदण्ड अपनाइ विद्यालय व्यवस्थापन समिति र शिक्षक स्टाफ बैठकबाट कार्ययोजना बनाइ मिति २०७७ असोज ११ गते देखि दशै तिहार सम्मका लागि जोर विजोर प्रणालिमा विद्यालयहरु सञ्चालनका लागि निर्देशन गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ६ | वडा नं. ३ र ५ को आधारभूत स्वास्थ्य स्थापना तथा सञ्चालन सम्बन्धमा । | स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्नुपर्ने । | गाउँपालिका भित्र स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवाँ केन्द्र सञ्चालनका लागि सशर्त अनुदान तर्फ रु १० लाख बजेट विनियोजन भएको हुँदा यस गाउँपालिका भित्र वडा नं. ३ र ५ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनका लागि स्वास्थ्य शाखालाई जिम्मा दिने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ७ | निर्देशिका तथा कार्यविधि स्वीकृत सम्बन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने कार्यविधिहरु तयार भई पेश हुन आएका विभिन्न कार्यविधिहरु पारित गर्नुपर्ने । | गाउँपालिकालाई आवश्यक पर्ने जेष्ठ नागरिक क्लव गठन तथा सञ्चालन कार्यविधि, २०७७, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७, व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ र घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७ लाई पारित गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ८ | अमिनको सेवा सुविधा सम्बन्धमा । | घर नक्सा पास, नापजाँचका लागि सेवा परामर्शमा रहेका अमिनहरुको सेवा सुविधा थप गर्न आवश्यक देखिएको । | घर नक्सा र घर अभिलेखिकरणका लागि कार्यालयमा सुचिकृत भएका अमिनहरुबाट सेवा परामर्शमा संम्झौता भई घर नक्सा नापजाँच तथा अभिलेखिकरणको कार्य अगाडि बढाइएको हुदाँ यस अघि प्रति प्रतिवेदन रु.१ हजारका दरले सुविधा दिने निर्णय भएकोमा उक्त सेवा सुविधा कम भएको भनि गुनासो आएकोले तोकिएको सेवा सुविधामा थप गरि जम्मा रु २ हजार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ९ | लिस्ने प्रावि-८, भवन निर्माण सम्बन्धमा । | श्री लिस्ने प्राथमिक विद्यालय-८, अरेश रोल्पाबाट विद्यालय भवन मर्मतका लागि माग भै आएको । | श्री लिस्ने प्राथमिक विद्यालय सुनिलस्मृति गाउँपालिका-८, अरेश रोल्पाको भवन जिर्ण र छाना चुहिने भएकोले भवन मर्मतका लागि सहयोग गरिदिनुहुन भनि पत्र प्राप्त भएको हुँदा उक्त प्राथमिक विद्यालय भवन मर्मतका लागि मर्मत संभार कोष समितिको वैठकको निर्णइ अनुसार गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| १० | प्रधानमन्त्री रोजगार कार्यक्रम सूचिकृत सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रममा पेश भएका वेरोजगार व्यक्तिहरुको आवेदनहरुलाई सूचिकृत गर्नुपर्ने । | चालु आ.व.मा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रममा सवै वडाहरुबाट सिफारिस भै आएका ९ सय ३२ जना वेरोजगार व्यक्तिहरुलाई सूचिकृत गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |
| ११ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । | गाउँपालिका भित्र दैवि प्रकोपबाट हुन गएको क्षतिलाई मर्मत संभार गर्नुपर्ने आवश्यक भएमा मर्मत संभार कोष सञ्चालन समितिको निर्णय तथा सिफारिस बमोजिम गर्ने निर्णय गरियो । | प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । |